नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY
प्रादेशिक कार्यालय
कर्णाली प्रदेश

क.प्र. २०८०/०८१ च.न. १५२

मिति: २०८०/०७/१६

श्रीमान नगरपालिका/गाँउपालिका प्रमुखज्यूहरु
**कर्णाली प्रदेश।**

विषयः- **बीमा सम्बन्धी निबन्ध प्रतियोगिता सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा नेपालको बीमा नियमनकारी निकाय नेपाल बीमा प्राधिकरणले बीमा सचेतना तथा प्रवर्द्धनका लागि प्रदेश स्तरीय निबन्ध प्रतियोगिता आयोजना गरेको हुदाँ तँहाको पालिकामा रहेका माध्यमिक विद्यालय तथा उच्च माध्यमिक विद्यालयमा कक्षा ११ देखि स्नातक सम्म अध्ययनरत विद्यार्थीलाई सहभागी गराउने गरी आवश्यक सहजिकरण गरिदिनुहुन अनुरोध गरिन्छ। उक्त प्रतियोगिताको सूचना समेत यसैसाथ संग्लन गरिएको छ।

**संलग्नः**

निबन्ध प्रतियोगिता सम्बन्धी सूचना- १ थान।

निबन्ध प्रतियोगिताको म्याद थप सम्बन्धी सूचना-१ थान।

(विनोद भुसाल)
सहायक निर्देशक

**बोधार्थः**

श्रीमान शाखा प्रमुखज्यूहरु, नगरपालिका/गाँउपालिका अन्तर्गतका शिक्षा शाखा सबै, कर्णाली प्रदेश ।

वीरेन्द्रनगर-०७, कालुञ्चोक, सुर्खेत, नेपाल, ☎: ०८३-५९०७४३
Birendranagar-07, Kalunchowk, Surkhet, Nepal, ☎: 083-590743
Website: www.nia.gov.np, E-mail: infokp@nia.gov.np

नेपाल बीमा प्राधिकरण

NEPAL INSURANCE AUTHORITY

कर्णाली प्रदेश कार्यालय

## प्रदेश स्तरीय निबन्ध प्रतियोगिता सम्बन्धी सूचना !!!

*सूचना प्रकाशन मिति: २०८० असोज ११ गते, शुक्रवार*

नेपाल बीमा प्राधिकरणबाट बीमा सचेतना तथा बीमा प्रवर्द्धनको लागि प्रदेश स्तरीय निबन्ध प्रतियोगिताको संचालन हुन गइरहेको जानकारी गराउदछौ । उक्त निबन्ध प्रतियोगितामा भाग लिन इच्छुक विद्यार्थीले निम्न अनुसारको कुनै इच्छुक बिषयमा उल्लेखित नियमहरुको अधिनमा रही आफ्नो निबन्ध नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयमा पेश गर्नुहुन जानकारी गराउदछौं ।

निबन्धको शिर्षक

१. देशको आर्थिक विकासमा बीमाको महत्व

२. बीमाको विकासमा सूचना प्रविधिको भुमिका

३. बीमाको विकास तथा विस्तारमा बीमा सचेतनाको महत्व

नियमहरु:

१. प्रतियोगितामा सहभागी हुने प्रतिस्पर्धी कक्षा ११ देखि स्नातक सम्म अध्ययनरत भएको हुनु पर्नेछ । प्रतियोगिको अध्ययनरत शैक्षिक संस्थाको ठेगानाको आधारमा प्रदेश निर्धारण गरिनेछ । जस्तै कर्णाली प्रदेश स्थायी घर भई हाल काठमाडौंमा अध्ययनरत विधार्थी वाग्मती प्रदेशबाटै प्रतियोगी हुनेछ ।

२. लेखनको भाषा नेपाली वा अग्रेजी मध्ये एक हुनु पर्नेछ । नेपाली भाषा भए प्रिति १६ फन्ट साइज र अग्रेजी भाषा भए Times New Roman १२ फन्ट साइजमा हुनुपर्नेछ ।

३. निबन्ध बढिमा १५०० शब्दको हुनुपर्नेछ ।

४. प्रतियोगिताको सूचना प्रकाशन भएको मितिले २५ दिन भित्र निबन्ध उपलब्ध गराउनु पर्नेछ ।

५. पेश हुन आउने निबन्ध आफ्नै मौलिक सृजना हुनुपर्ने र यस अघि अन्य कुनै पत्रपत्रिकामा प्रकाशित नभएको हुनुपर्नेछ ।

६. प्रतियोगीले आफ्नो सृजना नेपाल बीमा प्राधिकरणको कर्णाली प्रदेश कार्यालयको ईमेलः infokp@nia.gov.np मा पेश गर्नु पर्नेछ । निबन्ध पेश गर्दा प्रतियोगिको हालसाथै खिचिएको पासफोर्ट साइजको फोटो र अध्ययन गरिरहेको संस्थामा परिचय खुल्ने कार्ड\संस्थाको पत्र पनि संलग्न गरी पठाउनु पर्नेछ । अन्यथा उक्त निबन्धलाई प्रतियोगीतामा समावेश गरिने छैन् ।

७. पेश हुन आएको निवन्धलाई विषय विज्ञबाट मुल्याङ्कन गराइनेछ् । निबन्धलाई कम्तिमा निम्न मापदण्डमा मुल्याङ्कन गरिनेछ ।

   क. विषयवस्तु (Content)

   ख. मौलिकता र सान्दर्भिकता (Originality and Relevance)

   ग. लेखन संरचना (Structure)

   घ. शब्द सीमा (Word Limit)

८. प्रत्येक प्रदेशबाट एक सर्वोत्कृष्ट रचनालाई पुरस्कार स्वरुप रु. १००००/- (अक्षेरेपीः रु दस हजार मात्र) र प्रमाणपत्र प्रदान गरिनेछ ।

९. छनोट भएको निबन्ध नेपाल बीमा प्राधिकरणको केन्द्रीय कार्यालयबाट प्रकाशन हुने बुलेटिनमा समावेश गरिनेछ ।

१०. प्रतियोगिता सम्बन्धमा सम्पुर्ण अधिकार नेपाल बीमा प्राधिकरणमा निहित हुनेछ ।

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY
कर्णाली प्रदेश कार्यालय

## प्रदेश स्तरीय निबन्ध प्रतियोगिताको म्याद थप गरिएको सूचना !!!

नेपाल बीमा प्राधिकरणबाट बीमा सचेतना तथा बीमा प्रवर्द्धनको लागि प्रदेश स्तरीय निबन्ध प्रतियोगिताको संचालन सम्बन्धी मिति २०८० असोज ११ गते शुक्रबार प्रकाशित सूचना अनुसार निबन्ध उपलब्ध गराउने समयसीमा मिति २०८० मंसिर मसान्तसम्म थप गरिएको व्यहोरा जानकारी गराउदछौं।

थप जानकारीका लागि:
फोन नं.: ०८३-५१०७४३/४४, ९८५८०३२१८०
इमेलः infokp@nia.gov.np